जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**प्रस्तावहरु:**

१। करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

२। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र अन्तर्गतको कार्यक्रम माग गर्ने सम्बन्धमा ।

३। भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि,२०७८ अनुसार बस्तीको तहगत क्षेत्र निर्धारण सम्बन्धमा ।

४। जानकी गाँउपालिकाको नागरिक सहायता कक्ष स्थापना तथा सञ्चालन मापदण्ड २०८० कार्यान्वयन सम्बन्धमा ।

५। शितलहरका लागि खरिद गरिएको दाउरा व्यवस्थापन सम्बन्धमा ।

६। विविध सम्बन्धमा ।

- अनुगमन तथा मूल्याङ्कन समिति सदस्यको नाम तोक्ने सम्बन्धमा ।
- विषयगत समितिमा अपुग सदस्यहरु थप गर्ने सम्बन्धमा ।

## निर्णय तथा छलफलहरु

प्रस्ताव नं.१ को बुंदामा छलफल गर्दा जानकी गाउँपालिका,गाउँ कार्यपालिका कार्यालयको स्वीकृत कर्मचारी दरबन्दी O&M निर्माण, संघ र प्रदेशबाट प्राप्त कार्यक्रम मार्फतका कर्मचारीहरुको म्याद थप तथा अन्य करार कर्मचारीहरुको म्याद थप,सम्झौता तथा नियुक्ति लगायतका विषयमा वडाहरुको हकमा वडा कार्यालयको सिफारिसमा र पालिका स्तरको करार कर्मचारीहरुको हकमा कार्यपालिकाको निर्णयानुसार साथै हेल्पडेस्क सहजकर्ताहरुको हकमा वडाहरुको सिफारिसको आधारमा तपसिल बमोजिमको संख्यामा करार कर्मचारीहरुको संख्या निर्धारण गरी निरन्तरता दिने भनी सर्वसम्मत निर्णय गरियो।

तपसिल :

प्रत्येक वडाहरुमा रहने दरबन्दी :

| पद | संख्या | कैफियत |
|---|---|---|
| वडा सचिव | १ | दरबन्दी |
| प्राविधिक (सब/अ.सब इन्जिनियर) | १ | दरबन्दी |
| सहायक कम्प्युटर अपरेटर | १ | |
| भेटनरी प्राविधिक | १ | |
| हेल्प डेस्क | १ | |
| मेलमिलाप सहजकर्ता | १ | |
| का.स. | २ | |
| चौकीदार | १ | |
| जम्मा | ९ | |

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

गाउँपालिकाको हकमा रहने सहयोगी कर्मचारीहरुको दरबन्दी :

| क्र.सं. | पद | शाखा | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | का.स. | पालिका | ४ | |
| २ | का.स. | उपाध्यक्षज्यूको कक्ष | १ | |
| ३ | का.स. | प्रमुख प्रशासकीय अधिकृज्यूको कक्ष | १ | |
| ४ | का.स. | लेखा | १ | |
| ५ | का.स. | प्रशासन | १ | |
| ६ | का.स. | योजना शाखा | १ | |
| ७ | का.स. | प्राविधिक शाखा | १ | |
| ८ | का.स. | कृषि/पशु शाखा | २ | |
| ९ | का.स. | शिक्षा,युवा तथा खेलकुद शाखा | १ | |
| १० | का.स. | स्वास्थ्य शाखा | १ | |
| ११ | का.स. | न्यायिक शाखा | १ | |
| १२ | चौकीदार | पालिका | १ | |
| १३ | स्वीपर | पालिका | १ | |
| १४ | माली | पालिका | १ | |
| १५ | गेट पाले | पालिका | १ | |
| जम्मा | | | १९ | |

हेल्प डेस्कमा रहने कर्मचारीहरुको विवरण :

| क्र.स. | नाम | पद | काम गर्ने स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | विष्णु योगी थापा | हेल्पडेस्क सहजकर्ता | वडा नं. १ | |
| २ | प्रताप काँदु | हेल्पडेस्क सहजकर्ता | वडा नं. २ | |
| ३ | अभिषेक वर्मा | हेल्पडेस्क सहजकर्ता | वडा नं. ३ | |
| ४ | | हेल्पडेस्क सहजकर्ता | वडा नं. ४ | |
| ५ | कपिल अलि मनिहार | हेल्पडेस्क सहजकर्ता | वडा नं. ५ | |
| ६ | रफिक खाँ | हेल्पडेस्क सहजकर्ता | वडा नं. ६ | |
| ७ | शारदा हरिजन | हेल्पडेस्क सहजकर्ता | पालिका | |

प्रस्ताव नं.२ को बुँदा मा छलफल गर्दा नेपाल सरकार ऊर्जा,जलश्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गत वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र,मध्ये बानेश्वर,काठमाडौंले चालु आ.व. २०८०/८१ देखि लागु हुने गरी हरित जलवायु कोषको सहयोगमा पाँच वर्षे खाना पकाउने स्वच्छ ऊर्जा कार्यक्रम तराइका २२ जिल्लाका १५० वटा स्थानीय तहहरु छनौट गरी कार्यान्वयन गर्ने लक्ष्य लिएको र यस कार्यक्रम अन्तर्गत ५ लाख विद्युतीय चुलो, ४ लाख ९० हजार तह ३ (Tier 3*) को सुधारिएको चुलो र १० हजार घरधुरीहरुमा घरायसी वायोग्यास प्रविधिहरुको प्रवर्द्धन गर्ने लक्ष्य रहेको हुँदा सोको लागि केन्द्रसँग लागत साझेदारी कार्यक्रम कार्यान्वयन गर्न इच्छुक स्थानीय तहबाट आशयपत्र सहितको माग

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

संकलनका लागि मिति २०८०/०६/२४ मा प्रकाशित सूचना अनुसार आशय पत्र बुझाउने अन्तिम मिति २०८०/०८/०८ सम्म रहेकोमा मिति २०८०/११/०८ (कार्यालय समय भित्र) सम्म थप गरिएको व्यहोरा सूचित गरिएको हुँदा उक्त केन्द्र मार्फत हरित जलवायु कोषको सहयोगमा कार्यान्वयन हुने खाना पकाउने स्वच्छ ऊर्जा कार्यक्रममा साझेदारी गर्न इच्छुक यस जानकी गाउँपालिका बाँकेले आशय पत्र सहितको माग संकलन गरी उक्त वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा आशय पत्र बुझाउने भनी सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं.३ को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि,२०७८ को दफा ६ को उपदफा (२)१ अनुसारको ढाँचामा बस्तीको तहगत क्षेत्र निर्धारण गरी लागु गर्ने निर्णय गरियो ।

तपसिल :

| सि.नं. | वडा नं. | ग्रामीण क्षेत्र | शहरोन्मुख क्षेत्र | शहरी क्षेत्र | गाउँपालिकाको केन्द्र |
|---|---|---|---|---|---|
| १ | १(साईगाउँ) | पुरै क्षेत्र ग्रामीण | | | |
| २ | २(बेलभार) | पुरै क्षेत्र ग्रामीण | | | |
| ३ | ३(इन्द्रपुर) | बाँकी ग्रामीण | - मानपुर देखि नन्दनी मिल सम्म<br>- तेजनगर<br>- मुक्तिनगर<br>- नन्दनी टोल<br>-कृष्णनगर टोल | | बाबाकुट्टी देखि मानपुर सम्म |
| ४ | ४(खजुरा खुर्द) | बाँकी ग्रामीण | नहरचोक | | |
| ५ | ५(बेलहरी) | पुरै क्षेत्र ग्रामीण | अम्बे स्टील वरिपरिको क्षेत्र | | |
| ६ | ६(गनापुर) | बाँकी ग्रामीण | - पिप्रहवा चोक<br>- सुर्खेत रोडको छेउ छेउ | | |

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प्रस्ताव नं.४ को बुँदा मा छलफल गर्दा यस जानकी गाँउपालिकावाट प्रदान गरिने सेवा सहज तथा छिटो, छरितो रुपमा पाउने अवस्था सुनिश्चित गरी सम्बन्धित सेवा प्राप्त गर्ने प्रक्रिया वारे सर्वसाधारणलाई जानकारी दिन एवं अशक्त,अपांगता भएका सेवाग्राहीलाई सेवा प्राप्तिबारे सहजीकरण गरी जनप्रतिनिधिले सरल, सुलभ र गुणस्तरीय सेवा प्रदान गर्न जनता समक्ष गरेका प्रतिबद्धता तथा जानकी गाँउपालिकावाट सुशासन ऐनमा भएको व्यवस्था कार्यान्वयन गर्न प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन बमोजिम यस कार्यपालिकाले जानकी गाउँपालिकाको नागरिक सहायता कक्ष स्थापना तथा संचालन मापदण्ड,२०८० १५औं गाउँ सभाबाट पारित भएको र उक्त मापदण्डलाई कार्यान्वयनमा ल्याउने भनी सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं.५ को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिका अन्तर्गत वातावरण तथा विपद व्यवस्थापन शाखा द्वारा शितलहरका कारणले गर्दा अत्याधिक चिसो बढेको हुँदा यस पालिका भित्रका वडा कार्यालय,स्वास्थ्य चौकी तथा मुख्य मुख्य बस्ती अन्तर्गतका चोक चोकहरुमा दाउरा वितरण गर्ने निर्णयानुसार खरिद गरिएको दाउरा वितरण पश्चात बाकि रहेको हुँदा उक्त मुडा तथा दाउराहरुलाई पालिका भित्र संरक्षण तथा दाखिला गरी पुन हुन सक्ने शितलहर, विपदका घटना तथा अति विपन्न परिवारलाई दाहसंस्कारको लागि सहयोग स्वरूप उपलब्ध गराउने भनी सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं.६ को बुँदा मा छलफल गर्दा तपशिल बमोजिमको निर्णय गरियो ।

तपशिल :

- यस जानकी गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन कार्यविधि,२०७९ को परिच्छेद – २ को दफा ३ मा अनुगमन तथा मूल्याङ्कन समितिको गठन गर्ने व्यवस्थामा अध्यक्षले तोकेको एक जना कार्यपालिका सदस्यलाई सदस्यको रुपमा समितिमा राख्ने व्यवस्था हुँदा उक्त सदस्यमा वडा नं. ५ का वडा अध्यक्ष श्री टिकानाथज्यू लाई राख्ने निर्णय गरियो ।
- यस जानकी गाउँपालिकाको विषयगत समितिमा सदस्यहरु अपुग रहेको हुँदा तपसिलका वडा सदस्यहरु थप्ने निर्णय गरियो ।

तपसिल :

| विषयगत समिति | सदस्यको नाम,थर | कैफियत |
|---|---|---|
| सुशासन तथा संस्थागत विकास समिति | हौसीलाल काँदू | |
| आर्थिक विकास समिति | राम धिरज यादव | |
| पूर्वाधार विकास समिति | टिकानाथ यादव | |
| विधेयक समिति | केकेई धोबिनी | |